श्री ५ को सरकार

## गृह मन्त्रालयको सूचना

श्री ५ को सरकारले जिल्ला कार्यालय मनाङका प्र. जि. अ. श्री तीर्थराज शर्मा घरबिदा र काजमा जानुभएकोले सो प्र. जि. अ. पदमा नि. से. नि., २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सोही कार्यालयका प्रशासकीय अधिकृत श्री बिन्दुराज सिग्देललाई मिति २०४५।५।२८ देखि का.मु. मुकरर गरेको छ।

आज्ञाले,
उद्धवप्रसाद बास्कोटा
कानून अधिकृत (उप-सचिव)

## महालेखा परीक्षकको विभागको सूचना

श्री ५ को सरकारको मिति २०४५।३।२० को निर्णय अनुसार देहायका व्यक्तिहरूलाई १ वर्षको परीक्षण कालमा रहने गरी लेखापरीक्षण सेवा राजपत्रांकित तृतीय श्रेणीको लेखापरीक्षण अधिकारी पदमा देहायका मितिदेखि नियुक्ति गरी यसै विभागमा पदस्थापन गरिएको छ।

१. श्री राधाकृष्ण पौडेल–२०४५।३।२९
२. श्री नेत्रप्रसाद गौतम–२०४५।३।३०
३. श्री गोपीचन्द्र शाही–२०४५।३।३१
४. श्री विष्णुप्रसाद रिजाल–२०४५।३।३०
५. श्री विश्वनाथ रेग्मी--२०४५।३।३१

आज्ञाले,
फत्यबहादुर सिलवाल
निर्देशक

## भूलसुधार

खण्ड ३८ अतिरिक्ताङ्क २९ (ग) मिति २०४५ भाद्र २३ गतेको नेपाल राजपत्रमा प्रकाशित यस मन्त्रालयको सूचनाको संख्या ३ मा रहेको सदस्यको नाम "लक्ष्मीप्रसाद प्रजापती" हुनुपर्नेमा "लक्ष्मीसुन्दर प्रजापती" हुन गएकोले भूलसुधार गरिएको छ।

पञ्चायत तथा स्थानीय विकास मन्त्रालय



मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।